शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : शिशिर योगी

# कर्जा सदुपयोग गरौँ

कर्जा लिऊँ, उद्यम गरौँ, कर्जा सदुपयोग गरौँ
आय-सम्पत्ति बढाउँदै जीवन समृद्धिले भरौँ

उपयोग गर्छ कर्जा जसले उसको आय बढ्दछ
दुरुपयोग गर्दा हुँदैन आय तिर्न कठिन बन्दछ
कालो सूचीमा चढ्छ नाम धितो लिलाम पर्छ है
कुल-वंशकै इज्जत जान्छ, जीवन अँध्यारो बन्छ है

कर्जा लिऊँ, उद्यम गरौँ, कर्जा सदुपयोग गरौँ
आय-सम्पत्ति बढाउँदै जीवन समृद्धिले भरौँ

बढाई सीप सबले आफ्नो ऋण उपयोगी बनाऊँ
सदुपयोग गर्नु छ ऋण योजना बनाई कर्जा लिऊँ
मोज-मस्तीलाई ऋण नलिऊँ, उद्यम गर्न कर्जा लिऊँ
उन्नति हुन्छ, सम्पत्ति बढ्छ, समृद्धिमा ध्यान दिऊँ

कर्जा लिऊँ, उद्यम गरौँ, कर्जा सदुपयोग गरौँ
आय-सम्पत्ति बढाउँदै जीवन समृद्धिले भरौँ